मल्लरानी गाउँपालिका
Mallarani Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
खलंगा, प्युठान, लुम्बिनी प्रदेश, नेपाल
Khalanga, Pyuthan, Lumbini Province, Nepal

Phone/Fax: 086420180
Email: ito.mallaranimun@gmail.com
info@mallaranimun.gov.np
Website: www.mallaranimun.gov.np

प.सं.२०८२/०८३
च नं:

मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खलंगा, प्युठान

## सूचना प्रकाशनको लागि राष्ट्रिय स्तरमा शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०४/१२**

१. यस कार्यालयबाट आर्थिक वर्ष २०८२/८३ मा प्रकाशित हुने सार्वजनिक खरिद तथा बोलपत्र आव्हान गर्दा प्रकाशित गरिने सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा एकद्वार प्रणालीबाट प्रकाशित गर्ने कार्य शिलबन्दी दरभाउ पत्रबाट गर्नु परेकोले सूचना प्रकाशित भएको मितिले तल उल्लेखित दिनभित्र दरभाउ पत्र फारम दस्तुर रु. १,०००/- (अक्षरेपि रु. एक हजार मात्र) (फिर्ता नहुने) नेपाल बैंक लिमिटेड खलङ्गा शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०५२०३००००००१००१०००००१ मा (सिधै मल्लरानी गाउँपालिकाको राजश्व शाखामा आई वा सम्बन्धित बैङ्कमा गई वा Local Level revenue portal मा User id Create गरी अनलाईन मार्फत) जम्मा गरी आ.व. २०८२/८३ सम्मको नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्र संलग्न गरी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक सञ्चार प्रतिष्ठान, फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। दरभाउ पत्र फारम मल्लरानी गाउँपालिका खलङ्गा, प्यूठानबाट प्राप्त गर्न सकिनेछ। साथै गाउँपालिकाको वेबसाइटinfo@mallaranimun.gov.npबाट पनि डाउनलोड गर्न सकिनेछ।

२. दरभाउपत्र फाराममा राष्ट्रिय दैनिकको भित्री पृष्ठमा प्रकाशित हुने सूचना प्रति सि.सि. न्यूनतम दररेटमा प्रकाशित गर्न इच्छुक सञ्चार प्रतिष्ठान, फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीको दरभाउपत्र स्वीकृत गरिनेछ। दरभाउपत्र फाराममा उल्लिखित प्रत्येक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा लाग्ने प्रति सि.सि. रकम तल दिएको ढाँचामा (अङ्क र अक्षरमा) उल्लेख गरी शिलबन्दी फारम दर्ता गर्नुपर्ने छ।

३. शिलबन्दी दरभाउपत्र पेस गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्काको नाममा दर्ता गरेको र कुनै पनि सर्त राखी पेस भएको दरभाउ पत्र मान्य हुने छैन।

४. मिति २०८२/०४/२८ गते सम्म खरिद गरी मिति २०८२/०४/२९ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

५. शिलबन्दी दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

"कृपी, वन, पर्यटन र पूर्वाधारः सामाजिक विकास र सुशासन समृद्धमल्लरानीको आधार"

२०८२/०४/१२
प्रमुख प्रशासकीय अधिकृत

मल्लरानी गाउँपालिका
Mallarani Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
खलंगा, प्युठान, लुम्बिनी प्रदेश, नेपाल
Khalanga, Pyuthan, Lumbini Province, Nepal

Phone/Fax: 086420180
Email: ito.mallaranimun@gmail.com
info@mallaranimun.gov.np
Website: www.mallaranimun.gov.np

प.सं.२०८२/०८३
च नः

६. दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको र [stamp] सम्बन्धि कसुरमा सजाय नपाएको भनी लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेस गर्नुपर्नेछ।

७. एक आपसमा मिलोमतो गरी दरभाउपत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउपत्र स्वीकृत गरिने छैन।

८. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारिक व्यक्तिको सही छाप अनिवार्य रुपमा हुनुपर्नेछ साथै दरभाउपत्रदाताले पेस गरेका प्रमाणहरु नवीकरण भएको हुनुपर्नेछ।

९. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपालको कानून अनुसार हुनेछ। विस्तृत जानकारीका लागि मल्लरानी  गाउँपालिकाको कार्यालय, खलङ्गा प्यूठानमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

| क.स. | प्रकाशित हुने राष्ट्रिय दैनिकको नाम | कवोल दर प्रति सि.सि. अंकमा (मू.अ. कर बाहेक) | कवोल दर प्रति सि.सि. अक्षरमा (मू.अ. कर बाहेक) |
|---|---|---|---|
| | | | |

२०८२/०८/१२

प्रमुख प्रशासकीय अधिकृत

विजय पौडेल
प्रमुख प्रशासकीय अधिकृत

"कृपी, वन, पर्यटन र पूर्वाधारः सामाजिक विकास र सुशासन समृद्धमल्लरानीको आधार"